नेपाली राजदूतावास
EMBASSY OF NEPAL
2730 34TH PLACE N.W.
WASHINGTON, D.C. 20007

नेपाली राजदूतावास वासिङ्टन डि.सी.

## टेक्सासमा संचालित कन्सुलर सेवा शिविरहरुमार्फत् प्रदान गरिएको सेवासम्बन्धमा अद्यावधिक जानकारी

१. राजदूतावासले २३ डिसेम्बर २०२२ मा जारी गरेको सूचना अनुसार टेक्सासमा सञ्चालित कन्सुलर सेवा शिविरहरुबाट सेवा लिएका कुल ९३६ सेवाग्राहीहरुमध्ये आजका मितिसम्म ४३८ जनाले आ-आफ्नो money order तथा cashier's check हरु रद्ध गरी पठाउनुभएको नयाँ money order तथा cashier's check हरु यस राजदूतावासमा प्राप्त भएको छ। उल्लेखित सेवाग्राहीहरुको निवेदन money order वा cashier's check प्राप्त हुनासाथ process गरिएकोमा हालसम्म २४० जना सेवाग्राहीहरुको नयाँ राहदानी राजदूतावासमा प्राप्त भई सम्बन्धित आवेदकहरुको ठेगानामा पठाउन शुरु गरिसकिएको छ।

२. Money order वा cashier's check हरु रद्ध गरी नयाँ बनाई पठाउन विविध कारणले असमर्थ आवेदकहरुलाई के-कसरी सेवा प्रदान गर्ने भन्ने सम्बन्धमा यस राजदूतावासबाट परराष्ट्र मन्त्रालयमा अनुरोध गरिएकोमा सेवाग्राहीहरुको लागि सेवा प्रदान गर्ने व्यवस्था मिलाउने भन्ने नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९ माघ २३ (६ फेब्रुअरि २०२३) को निर्णयानुसार सबै सेवाग्राहीहरुको आवेदन process गर्न शुरु गरिसकिएको छ। सम्बन्धित आवेदकहरुको नयाँ राहदानी प्राप्त हुनासाथ तत्-तत् आवेदकहरुको ठेगानामा पठाइनेछ।

३. Money order वा cashier's check हरु चोरी भएको घटनाको सम्बन्धमा Houston Police Department बाट अनुसन्धान जारी नै रहेको छ। Money order वा cashier's check हरु रद्ध गरिसकेको तर राजदूतावासमा पठाउन बाँकी रहेका सेवाग्राहीहरुले नयाँ money order वा cashier's check बनाई पठाउनुहुन, र रद्ध गर्ने प्रक्रिया नै शुरु नगरेका सेवाग्राहीहरुले रद्ध गरेर नयाँ पठाई नेपाल सरकारको चोरीभएको राजस्व पुनः प्राप्त (recovery) गरी सम्भावित क्षति सकेसम्म कम गर्ने राजदूतावासको प्रयासमा सक्दो सहयोग पुऱ्याईदिनुहुन हार्दिक अनुरोध गरिन्छ। रद्ध गर्ने क्रममा आफ्नो money order वा cashier's check अन्य कसैले गैरकानूनी रुपमा cashed out गरेको जानकारी प्राप्त भएमा सोको प्रमाण consularhouston@nepalembassyusa.org मा जानकारी गराई प्रहरीको अनुसन्धान प्रक्रियामा सहयोग गर्नुहुन अनुरोध गरिन्छ।

४. राजदूतावासको अनुरोधबमोजिम Money order वा cashier's check हरु रद्ध गरी नयाँ बनाई राजदूतावासमा पठाउनुहुने, रद्ध गर्न प्रयास गर्नुहुने, सो कार्यमा सहयोग गर्नुहुने र हालसम्म सेवाको लागि धैर्यता राखी सहयोग गर्नुहुने सबैमा राजदूतावास हार्दिक आभार प्रकट गर्दछ।

२०७९ माघ २६
(९ फेब्रुअरी २०२३)

PHONE: (202) 667-4550, FAX: (202) 667-5534, E-MAIL: info@nepalembassyusa.org
WEB: us.nepalembassy.gov.np/www.nepalembassyusa.org